annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३२ पृष्ठ ८ | काठमाडौं, सोमबार २३ भदौ २०८२ | आश्विन कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | MONDAY, SEPTEMBER 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# विपद्को मार, कहिलेसम्म सहने कर्णालीले ?

भिरालो जमिन, त्यसमाथि विकासका नाममा जथाभावी डोजर आतंक । जलवायु परिवर्तनको असर त छँदैछ, त्यसैकारण कर्णाली जहिल्यै विपद्को मारमा हुन्छ । यसबाट बर्सेनि मानवीय र भौतिक क्षति भइरहेको छ । तर, विपद् व्यवस्थापनमा तीनवटै सरकारबीच समन्वय नहुँदा प्रतिकार्यमा समस्या भइरहेको छ । विपद् व्यवस्थापनमा छरिएर लगानी हुने र प्रतिफल नआउने समस्या पनि उस्तै छन् ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*
– को रिपोर्ट

समाचार पृष्ठ २



बर्खामा जहिल्यै कर्णाली राजमार्ग अवरुद्ध बनाउने गगने खोलाको पहिरो । यो खण्डमा कुन बेला पहिरो खस्छ, र कुन बेला राजमार्ग खुल्छ भन्ने एकिन हुँदैन । ● बिस्नप्रसाद न्यौपाने

## सञ्चार मन्त्रालयले भन्यो, ‘भीपीएन प्रयोग नगर्नु’

**अन्नपूर्ण** | *काठमाडौं*

सञ्चार मन्त्रालयले सामाजिक सञ्जाल चलाउन भीपीएनको प्रयोग नगर्न निर्देशन दिएको छ। असुरक्षित, अनाधिकृत र जोखिमयुक्त भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) प्रयोग नगर्न र नगराउन मन्त्रालयले विज्ञप्तिमार्फत अनुरोध गरेको छ। सरकारको निर्णयबमोजिम सूचीकरण नभएका फेसबुक, फेसबुक म्यासेन्जर, ह्वाट्सएपलगायत सामाजिक सञ्जाल-प्लेटफर्महरू निष्क्रिय बनाइएका छन्। मन्त्रालयले सूचीकरण नभएका सबै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई ‘सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०’ बमोजिम मुलुकभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारी तोकी सूचीकरण हुन पुनः आह्वान गरेको छ । सूचीकरणका लागि कुनै पनि शुल्क दस्तुर नलाग्ने र सूचीकरण गरेपश्चात् सोही क्षणदेखि पुनः सक्रिय गराइने मन्त्रालयले जनाएको छ।

**हाम्रो पात्रो र ग्लोबल डायरी सूचीकृत**

मन्त्रालयले स्मार्ट आइडिया प्रालि (हाम्रो पात्रो) तथा ग्लोबल डायरी प्रालि (ग्लोबल डायरी) सूचीकरण भई सक्रिय भइसकेको जानकारी गराएको छ। सामाजिक सञ्जालहरू ट्वीटर (एक्स) र वीच्याटले सूचीकरणका लागि आवश्यक जानकारी माग गरेको र त्यसका लागि विवरण उपलब्ध गराई सकिएको पनि मन्त्रालयले जनाएको छ। मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, ‘नेपाल सरकार नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, सूचना तथा सञ्चारको हकको सम्मान गर्दछ।’

» बाँकी पृष्ठ ६

## रूसले गऱ्यो युक्रेनको राजधानीमै ठूलो आक्रमण

**एजेन्सी** (किभ) : रूसले आइतबार बिहान युक्रेनमा ठूलो हवाई आक्रमण गरेको छ। युद्धको सुरु देखिको सबैभन्दा ठूलो मानिएको आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको छ। किएभस्थित युक्रेन सरकारको भवनको छतमा आगलागी भएको र बाक्लो धुवाँ उडेको अधिकारीहरूले जनाएका छन्। रूसले युक्रेनमाथि ८०५ ड्रोन र १३ मिसाइल प्रहार गरेको थियो।रूसको आक्रमणबाट राजधानी किभसँगै क्रिभी रिह, डिनप्रो, क्रेमेन्चुक र ओडेसा लगायतका शहरमा पनि क्षति पुगेको छ।



रूसको ड्रोन आक्रमणका कारण किएभका धेरै अग्ला भवनहरूमा क्षति पुगेको छ। साढे तीन वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाले शान्ति सम्झौतामा मध्यस्थता गरे पनि रूसले कुनै लचकता देखाएको छैन। युरोपेली राष्ट्रहरूले भने हालै मात्र फ्रान्स र बेलायतको नेतृत्वमा शान्ति सम्झौता कार्यान्वयन गर्न गस्ती सेना तैनाथ गर्ने वाचा गरेका थिए, तर मस्काले त्यसलाई अस्विकार गरेको छ।

युक्रेनको मन्त्रिपरिषद् परिसरमा भएको यो प्रहार युद्धको पहिलो यस्तो आक्रमण हो। उद्धारकर्ताहरूले हेलिकप्टरमार्फत पानी खसाल्दै आगो नियन्त्रणमा लिने प्रयास गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। ‘सत्रुको आक्रमणका कारण भवनको छत र माथिल्लो तल्ला क्षतिग्रस्त भएको छ। उद्धारकर्ताहरूले आगो निभाइरहेका छन्,’ प्रधानमन्त्री युलिया स्विरिडेन्कोले टेलिग्राममा लेखेका छन्, ‘हामी भवनहरू पुनर्निर्माण गर्नेछौं तर गुमेको जीवन फर्काउन सक्दैनौं।

## जापानका प्रधानमन्त्रीद्वारा राजीनामाको घोषणा




**टोकियो** (एजेन्सी): जापानका प्रधानमन्त्री शिगेरु इशिबाले पदबाट राजीनामाको घोषणा गरेका छन्। सत्तामा बसेको एक वर्ष नपुग्दै उनले पार्टीको आन्तरिक किचलोका कारण पदबाट राजीनामाको घोषणा गरेका हुन्। मिडिया रिपोर्टअनुसार, इशिबाले पार्टी विभाजनलाई रोक्न राजीनामा गर्ने निर्णय गरेका हुन्। शनिबार राति कृषिमन्त्री र एक पूर्वप्रधानमन्त्रीले उनलाई स्वेच्छिक रूपमा पद त्याग गर्न आग्रह गरेका थिए।

गत हप्ता पार्टीका नम्बर दुई हिरोशी मोरियामासहित चार वरिष्ठ अधिकारीले पनि राजीनामा दिन सुझाव दिएका थिए।

जुलाईमा भएको माथिल्लो सदनको निर्वाचनमा हारपछि विपक्षीहरूले इशिबालाई चुनावी नतिजाको जिम्मेवारी लिएर पद त्याग गर्न दबाब दिइरहेका थिए। यस कदमलाई ८४ वर्षीय प्रभावशाली पूर्वप्रधानमन्त्री तारो एसोले समेत समर्थन गरेको जनाइएको छ।

पार्टी नेताका रूपमा इशिबाको कार्यकाल सन् २०२७ सेप्टेम्बरसम्म रहने प्रावधान थियो। तर, अब उत्तराधिकारीका लागि प्रतिस्पर्धा सुरु हुने देखिएको छ।




## जबजको जगमा नेपाली विशेषताको समाजवाद

**तेस्रो कार्यकाल पनि ओलीकै नेतृत्व**

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेले जनताको बहुदलीय जनवाद (जबज) को जगमा नेपाली विशेषताको समाजवाद र परिपूर्ण लोकतन्त्रको कार्यदिशा अवलम्बन गर्ने जनाएको छ। आइतबार सम्पन्न विधान महाधिवेशनले अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तावित राजनीतिक प्रतिवेदन सर्वसम्मत पारित गरेको हो। अध्यक्ष ओलीले नेपाली विशेषताको समाजवाद जबजको विकल्प नभई जबजको जगमा नै अघि बढ्ने बताए। उनले जबजको जगमा नेपाली विशेषताको समाजवादमा पुग्ने बाटो ‘समृद्ध नेपाल, सुखी नेपाली गन्तव्य’ हुने प्रस्ट्याए।



ओलीले जनताको बहुदलीय जनवाद देशलाई हरेक क्षेत्रमा बाटो देखाउने मार्गदर्शक सिद्धान्त भएको स्पष्ट पारे। उनले मार्क्सवादलाई पार्टीले जबजका रूपमा कार्यान्वयन गर्न चाहेको र गरिरहेको बताए। उनले भने, ‘ट्रेडिसनल जार्गनहरूको प्रयोग गरेर होइन, जबज सिद्धान्त हो, मूल कानुन होइन, यो मार्गदर्शक सिद्धान्त हो, जबजको मार्गदर्शनमा समाजवादका आधार तयार गर्दै अगाडि बढ्दै छौं, यस्तै परिस्थिति, कार्यनीति, रणनीतिसहित स्पष्ट भिजन राखेर हामी अगाडि बढ्नेछौं।’

अध्यक्ष ओलीले पार्टी निर्माणको काम गर्दा बिग्रेका मानिसहरूसँग एकता खोज्दै हिँड्नु आवश्यक नरहेको बताए। उनले पार्टीका सही नीति र विचारलाई जनतामा पुऱ्याएर पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन सकिने विश्वास व्यक्त गरे।

अधिवेशनले अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनसहित सबै प्रतिवेदन सर्वसम्पत्ति पारित गरेको छ। उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पेस गरेको विधान संशोधन, महासचिव शंकर पोखरेलले पेस गरेको सांगठनिक प्रतिवेदन लगायतका सबै प्रतिवेदन सर्वसम्मत पारित भएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए।

‘अध्यक्षज्यूले प्रस्तावको विपक्षमा कोही हुनुहुन्छ भने उभिन आह्वान गर्नुभएको थियो । तर, कोही पनि विपक्षमा उभिनु भएन। सबै प्रतिवेदन सर्वसम्मतले पास भए,’ गौतमले पत्रकार सम्मेलनमा भने।

अधिवेशनले पार्टीको विधान संशोधन गरेको छ। ७० वर्षे उमेरहद हटेसँगै ओलीलाई तेस्रो कार्यकालका लागि पनि अध्यक्ष हुने बाटो खुला गरेको छ। यस्तै, दुई कार्यकालभन्दा बढी नेतृत्वमा बस्न पाउने व्यवस्था गरिएको छ। एमालेमा अब अध्यक्ष एक, उपाध्यक्ष ३ जना र महासचिव १ जना रहनेछन्। वरिष्ठ उपाध्यक्ष पद हटाइएको छ। साथै उपमहासचिव ३ जना रहनेछन् भने सचिव ७ जना रहनेछन्। १५ सदस्यीय पदाधिकारी केन्द्रीय कमिटी २ सय ५१ सदस्यीय रहनेछ।

स्थायी समिति, पोलिटब्युरो, केन्द्रीय समिति गरेर तीन तहको संरचना रहनेछ। सचिवालय भने हटाइएको छ। कार्यालय सचिव र प्रदेश अध्यक्षहरू पदेन केन्द्रीय सदस्य रहनेछन्। एमालेमा सदस्य दुई प्रकारका सदस्य (साधारण र संगठित) रहने भएका छन्।

उपाध्यक्ष पौडेलले पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जनताको बहुदलीय जनवादबाट एमाले ‘डिरेल’ भयो भनी भ्रम सिर्जना गर्न प्रायोजित प्रचार गरिएको दाबी गरे। उनले विधानको प्रस्तावनामा राखिएको नेपाली मौलिकता र विशेषतामा आधारित समाजवादका बारेमा स्पष्ट गर्दै नेपालले अन्य मुलुकका समाजवादको नक्कल नगर्ने बताए। उपाध्यक्ष पौडेलले पार्टी सही नीति, सक्षम तथा भरोसायोग्य नेतृत्वका साथ अगाडि बढिरहेको बताउँदै पार्टीका नीतिलाई राष्ट्रका नीतिमा अनुदित गर्न मिसन-२०८४ मा अध्यक्ष ओलीको नेतृत्वमा बहुमतको सरकार गठन गर्नुपर्ने आवश्यक रहेको बताए।

महासचिव शंकर पोखरेलले जनताको बहुदलीय जनवादलाई अझ विकसित र समुन्नत बनाउँदै पार्टी अगाडि बढ्ने बताए। जबजले दिशानिर्देश गरेबमोजिम पार्टी निर्माणमा लोकतान्त्रीकरणको अगुवाई पार्टी अध्यक्ष ओलीले गर्ने स्पष्ट पारे।

महासचिव पोखरेलले पार्टी निर्माणको केन्द्रविन्दु मिसन २०८४ हुनुपर्ने र पार्टीलाई आगामी निर्वाचनमा एकल बहुमत दिलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नुपर्ने अभिभारामा जोड दिए। उनले राजनीतिक प्रतिवेदन पारित भएपछि त्यसको आधारमा र प्राप्त सुझावका आधारमा अन्य प्रतिवेदनहरू परिमार्जन र परिस्कृत गरिने स्पष्ट पारे।

विधान महाधिवेशनमा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण नभएको विषयमा पनि चर्चा भयो। तर, उनको सदस्यता नवीकरणबारे निर्णय भएन।

» बाँकी पृष्ठ ६